"सम्पूर्ण क्षेत्रको समुचित विकास, खाँदवारी नगरपालिकाको प्रयास"

# खाँदवारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खाँदवारी, सङ्खुवासभा ।

१ नं. प्रदेश, नेपाल ।

च.नं. २०९४

प.सं.२०७६/०७७ (कार्यपालिका सचिवालय)

मिति : २०७६/०८/०४

श्री वडा अध्यक्ष ज्यू (सवै)
श्री कार्यपालिका सदस्य ज्यू (सवै)
खाँदवारी,संखुवासभा ।
श्री वडा सचिवहरु सवै
खाँदवारी संखुवासभा ।

विषयः- कार्यपालिकाको वैठकको निर्णय प्रतिलिपि उपलब्ध गराइएको वारे ।

प्रस्तुत विषयमा यस खाँदवारी नगरपालिकाको कार्यपालिकाको वैठक नं. ७६ को निर्णय प्रतिलिपि यसै साथ संलग्न राखी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध छ ।

सादर अवगातार्थ
श्रीमान प्रमुख ज्यू, श्रीमान उपप्रमुख ज्यू ।

वोधार्थ तथा कार्यार्थ
सवै शाखा/उपशाखा र इकाई प्रमुख ज्यूहरु

खाँदवारी नगरपालिका कार्यालय : आ आफ्नो शाखा , उपशाखा /इकाई समितीसंग सम्वन्धित निर्णयहरु आवश्यक समन्वय र सहकार्य साथ यथासिघ्र-सम्पादन गर्न हुन र त्यसको प्रगति समेत पेश गर्नु गराउनु हुन सुचित गर्दछु ।

श्री सुचना शाखा : उक्त निर्णय कार्यालयको website मा राखिदिनहुन ।

कोमलप्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत

यस कार्यालयको फोन नं. ०२९-५६०१४१,१२१,२५०,२५४,४४१ फ्याक्स : ०२५६०१४१,२५४
वेभसाइट : www.khandbarimun.gov.np इमेल : khandbarimun@gmail.com

खाँदबारी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

खाँदबारी , संखुवासभा

१ नं. प्रदेश, नेपाल

**बैठक मिति:** २०७६/०८/०२

**बैठक प्रारम्भ समय:** ११:०० बजे

**बैठक सङ्ख्या:** ७६

**बैठक समापन: समय:** ६:००

७. नगर भित्र संचालन गरिने योजनाहरु कार्यान्वयन गर्दा रोजगार समेत सृजना गर्ने उद्देश्यले कामदार हरुबाट कार्य सम्पादन गर्ने कुरालाई मध्य नजर राख्दै प्रविधिक रुपले सम्भव भएसम्म मेनुयलरुपमै संचालन गर्ने र प्रविधिक रुपले हेवीमेशिन प्रयोग गर्नु पर्ने भएको खण्डमा सम्बन्धित वडाका वडा अध्यक्ष सल्लाहकार रहने गरी कार्यालयलाई सिफारिस गर्न देहायको समिति गठन गर्ने ।

क) प्राविधिक शाखा प्रमुख - संयोजक

ख) सम्वधित योजनाको साईट इचार्ज - सदस्य

ग) सम्बधित वडाको वडा सचिव - सदस्य

८. बराहदल गुल्मको सहयोगमा संचालन गर्ने विपद व्यवस्थापन सम्वन्धि तालिम संचालन तथा व्यवस्थापनका लागि रु ५० हजार विपदव्यवस्थापन कोषबाट खर्च गर्ने निर्णय गरियो ।

९. एसजेवीएन अरुण ३ पावर डेभलपमेन्ट कम्पनी प्रा.लि.को मिति 13 NOV 2019 को पत्र अनुसार उक्त कम्पनीको हाता भित्र निर्माण गरिएको दुर्गा मन्दिर दर्ता गरी पाउँ भनि यस कार्यालयमा निवेदन आएकोमा उक्त निवेदन माथी छलफल गर्दा सो मन्दिर व्यवस्थापन तथा संचालन स्थानीय नागरीकहरुको नेतृत्वमा आम नागरीकको सहज पहुँच सुनिश्चत हुनेगरी संचालन गर्न मन्दिर दर्ता गरी अनुमति दिने साथै यस्ता प्रकारका धार्मिक स्थल मठमन्दिर , चैत्य, गुम्वा, चर्च , मस्जीद लगायतका जाति धर्म र सम्प्रादयबाट अनुरोध भई आएमा सम्बन्धित वडाको सिफारिस तथा उक्त संस्था संचालन सम्वन्धि प्रस्ताव विश्लेषण गरी दर्ता गर्ने निर्णय गरियो ।

खाँदबारी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

खाँदबारी , संखुवासभा

१ नं. प्रदेश, नेपाल

**बैठक मिति:** २०७६/०८/०२

**बैठक सङ्ख्या:** ७६

**बैठक प्रारम्भ समय:** ११:०० बजे

**बैठक समापन: समय:** ६:००

**आजको नगरकार्यपालिकाले बैठकको कार्यसूचीका आधारमा निम्नानुसार निर्णय गरेको छ ।**

**निर्णयहरु :**

१. खाँदवारी नगरपालिकाको सवै वडाहरुले कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना ( सञ्चालक तथा व्यवस्थापन ) कार्यविधि २०७६ अनुसार सवै वडाहरुले निर्देशिका अनुसार योजना छनोट गरी १५ दिन भित्र अनिवार्य रुपले पठाउने निर्णय गरियो ।

२. हाल कार्यालयमा कार्यरत नगरप्रहरी हरुको सेवा सुविधाको हकमा तलव भत्ता नेपाल प्रहरीको प्रचलित तलव स्केल अनुसार उपलब्ध गराउने । पोशाक तथा रासन भत्ता नेपाल प्रहरीको प्रचलित नियमानुसार उपलब्ध गराउने र तालिम संचालन गर्ने रकम पछि नगरसभाबाट स्विकृत हुने गरी हाललाई कन्टिन्जेन्सीबाट खर्च लेख्ने गरी तालिम संचालन गर्ने र सभाबाट सोधभर्ना गराउने निर्णय गरियो ।

३. खाँदवारी न.पा. २ जालपा मा.वि देखि चेवावेशीसम्म पक्की सडक निर्माण साथै खा.न.पा.२ र ५ मा महिला उद्यमशिलता विकास तालिम संचालन कार्याक्रम र कृषि उद्यम आयमुलक तालिम कार्यक्रम संचालनका लागि आवश्यक बजेट व्यवस्थाका लागि १ नं. प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

४. खाँदवारी नगरपालिका आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ पारित गरियो ।

५. DPR तयार गर्न विनियोजन भएको रु २५ लाख रकमबाट तपशिल बमोजिमका योजनाको DPR तयार गर्ने निर्णय गरियो ।

क) खा.न.पा.७ खेलमैदान

ख) खा.न.पा ९ तुम्लिङटार पार्क

ग) नगर हल सहितको खाँदवारी नगरपालिका आयमुलक भवन ।

घ) नगरपालिका Complex परिसरको भूउपयोग योजना ।

ङ) खा.न.पा ८ वडा कार्यालयबाट अर्चले रयाले सडक कालोपत्र ।

च) खा.न.पा २ जालपा मा.वि चेवा देखि चेवा वेसि सडक कालोपत्र ।

छ) चिसापानी माल्टा सडक कालोपत्र

ज) पाङ्मा खोलाबाट वडा नं. ९ राजकुलो

६. प्रदेश सरकारबाट वडा नं ४ को Ground Wall को लागि रु ६० लाख विनियोजन भएको रकम मध्येबाट ६ लाख र रमिते पर्यटन प्रर्वद्धनमा प्राप्त रु ५० लाख मध्येबाट ५ लाख DPR तयारका लागि विनियोजन गर्ने निर्णय गरियो । साथै उपरोक्त नं.५ र ६ को कार्य गराउन खरिद प्रकृया अगाडि बढाउने ।